मिति २०७७/१२/२५ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या १०५/२०७७ को निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७५/३८०-२०७७/१२/२४ को "दार्चुला जिल्लास्थित अपिहिमाल गाउँपालिकाको नाम संशोधन र वडा विभाजन गर्ने सम्बन्धमा आवश्यक निर्णय हुन नेपाल सरकार समक्ष लेखी पठाउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७६/३८१-२०७७/१२/२४ को "डोटी जिल्लास्थित पुर्वीचौकी गाउँपालिकाको वडा संख्या थप तथा सीमाना हेरफेर सम्बन्धमा आवश्यक निर्णय हुन नेपाल सरकार समक्ष लेखी पठाउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७७/३८३-२०७७/१२/२५ को "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य संचालन) (तेस्रो संशोधन) आदेश, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७५/३७७-२०७७/१२/२४ को "प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र, कञ्चनपुरको अस्थाई संगठन (दरबन्दी) संरचना स्वीकृत सम्बन्धमा निर्णय हुन" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावसाथ प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्रको प्रस्तावित अस्थायी दरवन्दी विवरण मात्र संलग्न रहेकोमा उक्त केन्द्रको सांगठनिक संरचना सहित प्रस्ताव पेशं गर्ने गरी सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउने ।"

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५१/३७८-२०७७/१२/२४ को "माननीय अम्बी कुमारी थापाको औषधी उपचार खर्च भुक्तानी" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ९८१, मिति २०७७/११/२६ को सहमति पत्रमा उल्लेख भएबमोजिमको रकम भुक्तानी हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५२/३७९-२०७७/१२/२४ को "माननीय डिल्लीराज पन्तको औषधी उपचार खर्च भुक्तानी" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ९११, मिति २०७७/११/१२ को सहमति पत्रमा उल्लेख भएबमोजिमको रकम भुक्तानी हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५३/३८२-२०७७/१२/२५ को "माननीय हर्क बहादुर कुँवरको औषधी उपचार खर्च भुक्तानी" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

प्रमुख सचिव